"सिरीजङ्गाको गौरव, कन्चनजङ्गा"

# सिरीजङ्गा राजपत्र

सिरीजङ्गा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ५) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, आषाढ १५ गते २०८० साल(संख्या०२

## भाग १

सिरीजङ्गा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल।

सिरीजङ्गा गाँउपालिकाको गाँउ सभा अधिवेशनले पारित गरेको तल लेखिए बमोजिमको ऐन

सम्वत् २०८० सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ०२

सिरीजङ्गा राजपत्र

# <u>सिरीजङ्घा गाउँपालिकाको आर्थिक ऐन, २०८०</u>

**प्रमाणीकरण मितिः २०८०।०३।१४**

**प्रस्तावनाः** सिरीजङ्घा गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सिरीजङ्घा गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "सिरीजङ्घा गाउँपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन मिति २०७९साल श्रावण १ गतेदेखी सिरीजङ्घा गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

२. **<u>सम्पति करः</u>** गाउँपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ।

३. **<u>भूमि कर (मालपोत):</u>** गाउँपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **<u>घर वहाल कर तथा वहाल विटौरी शुल्कः</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल उपर गरिनेछ तथा गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण वा रेखदेख वा सञ्चालन गरेका अनुसूची ३ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार वहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

५. **<u>व्यवसाय करः</u>** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **<u>सवारी साधन करः</u>** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ५ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

७. **<u>विज्ञापन करः</u>** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ६ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवाः** गाउँपालिका क्षेत्रभित्रका विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवामा अनुसूची ७ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची ८ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **सेवा, शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची ९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको र अन्य सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार दर्ता, सिफारिस, शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ।

११. **हाट बजार करः** गाउँपालिका क्षेत्रभित्र हुने हाट बजारमा अनुसूची १० बमोजिमको हाटवजार कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१२. **दण्ड, जरिवाना तथा सजाय र पुरस्कारः** तोकिएका कर, दस्तुर, सेवा शुल्क तोकिएको समय सीमामा नबुझाएमा तथा अन्य स्थानीय तहका नियमहरु. पालना नगरेमा अनुसूची ११ बमोजिम दण्ड जरिवाना तथा सजाय लगाइने र असुल उपर गरिनेछ।र, उपरोक्त बमोजिम दण्ड जरिवाना तथा सजाय असुलीमा सहयोग गर्ने सरोकारवाला पक्षलाई गाउँ सभा अधिवेशनको निर्णय बमोजिम पुरस्कार समेत प्रदान गर्न सकिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरु.लाई कुनै पनि किसिमको कर छुट दिईने छैन। तर, गाउँ सभा अधिवेशनको निर्णयले कर छुट दिने भनी उल्लेख गरेकोमा सोही बमोजिम हुनेछ।

१४. **राजस्व संकलन सम्बन्धी प्रमुख दायित्वः** यो ऐनमा भएको व्यवस्था अनुसार गाउँ कार्यपालिकाको कार्यालयबाट असुल गरिने राजस्वका हकमा राजस्व हेर्ने शाखा प्रमुख तथा शाखाका कर्मचारी र वडा कार्यालयबाट असुल गरिने राजस्वका हकमा सम्बन्धित वडाका वडा अध्यक्ष र वडा सचिवको राजस्व संकलन सम्बन्धी प्रमुख दायित्व हुनेछ।

## अनुसूची १
## सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ बमोजिम घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाउनु पर्ने भएकोमा गाउँपालिका क्षेत्रभित्रका फुसका घरको मुल्य ह्रास कट्टी गर्न तत्काल सम्भव हुने नदेखिएकाले आगामी दिनमा उक्त विषयलाई सम्बोधन गर्ने गरी हाललाई प्रत्येक घरमा देहाय बमोजिमको सम्पत्ति कर लिइनेछ।

| क्र.सं. | घरको वनोट | आर्थिक वर्ष २०८०।८१का लागि पारित दर रु.. | कैफियत |
|---|---|---|---|
| १ | फुसको घर | ५०।०० | |
| २ | जस्तापाताले छाएको घर | १५०।०० | |
| ३ | पक्की घर एकतले | ३००।०० | |
| ४ | पक्की घर दुइ तला वा सो भन्दा माथि | ४००।०० | |

## अनुसूची २

## भूमि कर (मालपोत)

| क्र.सं. | जग्गाको वर्गीकरण | आर्थिक वर्ष २०८०।८१ का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | सडकले छोएको अब्बल जग्गा प्रति रोपनी | २५।०० | |
| २ | गोरेटो बाटोले छोएको अब्बल जग्गा प्रति रोपनी | २०।०० | |
| ३ | सडक तथा गोरेटो बाटोले नछोएको अब्बल जग्गा प्रति रोपनी | १५।०० | |
| ४ | सडकले छोएको दोयम जग्गा प्रति रोपनी | २०।०० | |
| ५ | गोरेटो बाटोले छोएको दोयम जग्गा प्रति रोपनी | १५।०० | |
| ६ | सडक तथा गोरेटो बाटोले नछोएको दोयम जग्गा प्रति रोपनी | १०।०० | |
| ७ | सडकले छोएको सीम जग्गा प्रति रोपनी | १५।०० | |
| ८ | गोरेटो बाटोले छोएको सीम जग्गा प्रति रोपनी | ८।०० | |
| ९ | सडक तथा गोरेटो बाटोले नछोएको सीम जग्गा प्रति रोपनी | ५।०० | |
| १० | सडकले छोएको चहार वा खरबारी वा भीर वा बुट्यान जग्गा प्रति रोपनी | ७।०० | |

| | | | |
|---|---|---|---|
| ११ | गोरेटो बाटोले छोएको चहार वा खरबारी वा भीर वा बुट्यान जग्गा प्रति रोपनी | ५।०० | |
| १२ | सडक तथा गोरेटो बाटोले नछोएको चहार वा खरबारी वा भीर वा बुट्यान जग्गा प्रति रोपनी | ३।०० | |
| १३ | गाउँपालिका क्षेत्रभित्र सडक विस्तारका लागि निशुल्क जग्गा दिएका व्यक्तिहरुको जग्गा नेपाल सरकारको स्वामित्वमा नआउञ्जेलसम्म सडकले चर्चेको क्षेत्रभित्रको जग्गामा भूमिकर (मालपोत) मिनाहा गरिएको छ। | | |
| **नोटः** धनीपुर्जामा अलैंचीबारी उल्लेख गरेको भए अब्बल जग्गा मानी सोही बमोजिम कर संकलन गरिनेछ। | | | |

**<u>अनुसूची ३</u>**

**घर जग्गा बहाल कर**

| **क्र.सं.** | **घर जग्गा बहाल कर** | **आर्थिक वर्ष २०८०।८१ का लागि पारित दर रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा सम्झौता रकमको दश प्रतिशत रकम | सम्झौता रकमको दश प्रतिशत रकम । | |
| २ | गाउँपालिकाले निर्माण गरेको टहराका लागि भाडा गाउँ कार्यपालिकाले तोकी सोही रकमको दश प्रतिशत रकम बहाल कर लिइनेछ । | सम्झौता रकमको दश प्रतिशत रकम । | |

**<u>अनुसूची ४</u>**

**व्यवसाय कर**

| **क्र.सं.** | **व्यवसायको प्रकृति** | **आर्थिक वर्ष २०८०।८१ का लागि पारित दर रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | मदिरा पसल थोक | १३००।०० | |

| | | | |
|---|---|---|---|
| २ | मदिरा पसल खुद्रा | ६००।०० | |
| ३ | सुर्तीजन्य पसल थोक | १२००।०० | |
| ४ | सुर्तीजन्य पसल खुद्रा | ५००।०० | |
| ५ | हल्का पेय पदार्थ थोक | ५००।०० | |
| ६ | हल्का पेय पदार्थ खुद्रा | ३००।०० | |
| ७ | सुनचाँदी पसल | ५००।०० | |
| ८ | औषधि पसल | ५००।०० | |
| ९ | माछा मासु विक्री पसल | ५००।०० | |
| १० | एग्रोभेट र भेटेरिनरीको औषधि पसल | ५००।०० | |
| ११ | स्टेशनरी पसल | ५००।०० | |
| १२ | कस्मेटिक पसल | ५००।०० | |
| १३ | मोटर पार्टस पसल | ५००।०० | |
| १४ | सवारीसाधन मर्मत सेण्टर | १५००।०० | |
| १५ | कपडा, फेन्सी, जुत्ता चप्पल, व्याग पसल | ५००।०० | |
| १६ | इलेक्ट्रोनिक्स पसल | ५००।०० | |
| १७ | हार्डवेयर पसल | १५००।०० | |
| १८ | फर्निचर पसल | १०००।०० | |
| १९ | टेलिरङ पसल | ५००।०० | |
| २० | किरानाजन्य सामान मात्र विक्री गर्ने किराना पसल | ५००।०० | |
| २१ | चियानास्ता मात्रको पसल सामान्य | ५००।०० | |
| २२ | होटल खाने बस्ने सुविधा सहितको | १५००।०० | |
| २३ | तरकारी पसल | २००।०० | |
| २४ | भाँडा पसल | ५००।०० | |
| २५ | खोटो व्यवसायी | ५००।०० | |
| २६ | फर्निचर उद्योग | १०००।०० | |
| २७ | डेरी उद्योग | ५००।०० | |
| २८ | कुटानीपिसानी मिल | ५००।०० | |
| २९ | फोटो स्टुडियो | ५००।०० | |
| ३० | क र ख वर्गको वाणिज्य तथा विकास बैंक शाखा कार्यालय | ६०००।०० | |
| ३१ | फाइनान्स कम्पनी | ५५००।०० | |
| 32 | घ वर्गको लघुवित्त संस्था | ५०००।०० | |
| ३३ | मनी ट्रान्सफर | २५००।०० | |

| | | | |
|---|---|---|---|
| ३४ | क्लिनिक तथा ल्याब | २०००।०० | |
| ३५ | निजी शिक्षण संस्था | ५०००।०० | |
| ३६ | चस्मा पसल | ५००।०० | |
| ३७ | सैलुन पसल | ५००।०० | |
| ३८ | गैर सरकारी संस्था तथा सहकारी संस्था | २०००।०० | |
| ३९ | उद्यान समुह वा जडिबुटि उद्योग वा अलैंची सम्बन्धित उद्योग | ३०००।०० | |
| ४० | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा कार्यपालिकाको निर्णय बमोजिम हुने। | **न्युनतम रु ३००।०० देखि अधिकतम रु ५०००।०० सम्म** | |

**अनुसूची ५**

**सवारी साधन कर**

**प्रदेश कानून बमोजिम हुनेछ।**

**अनुसूची ६**

**विज्ञापन कर**

**प्रदेश कानून बमोजिम हुनेछ।**

**अनुसूची ७**

**विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा**

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०८०।८१ का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | चिकित्सक (स्वास्थ्य र पशु) | १०००।०० | |
| २ | कानून व्यवसायी अधिवक्ता | १०००।०० | |
| ३ | लेखापढी व्यवसायी | १०००।०० | |
| ४ | क वर्गको लेखापरीक्षक | २०००।०० | |
| ५ | ख वर्गको लेखापरीक्षक | १५००।०० | |
| ६ | ग वर्गको लेखापरीक्षक | १०००।०० | |
| ७ | घ वर्गको लेखापरीक्षक | ५००।०० | |
| ८ | क वर्गको निर्माण व्यवसाय | ६०००।०० | |
| ९ | ख वर्गको निर्माण व्यवसाय | ५०००।०० | |
| १० | ग वर्गको निर्माण व्यवसाय | ४५००।०० | |
| ११ | घ वर्गको निर्माण व्यवसाय | ४०००।०० | |

| | | | |
|---|---|---|---|
| १२ | एजेन्सी मेनेजर | २५००।०० | |
| १३ | विमा अभिकर्ता (जीवन विमा) | ५००।०० | |
| १४ | विमा अभिकर्ता(निर्जीवन विमा) | ५००।00 | |

## अनुसूची ८
## मनोरञ्जन कर
**प्रदेश कानून बमोजिम हुनेछ ।**

## अनुसूची ९
## सेवा, शुल्क, दस्तुर

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०८०।८१ का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | सबै प्रकारका निवेदन दस्तुर | २०।०० | |
| २ | ३० रोपनीसम्मको घरजग्गा नामसारी सिफारिस दस्तुर | ५००।०० | |
| ३ | ३० रोपनीदेखी माथिको घरजग्गा नामसारी सिफारिस दस्तुर | १०००।०० | |
| ४ | ३० रोपनीसम्मको मोही लगत कट्टा सिफारिस दस्तुर | ५००।०० | |
| ५ | ३० रोपनीदेखी माथिको मोही लगत कट्टा सिफारिस दस्तुर | १०००।०० | |
| ६ | घर कायम सिफारिस दस्तुर पक्की घर प्रति व/फि | ०।५० | |
| ७ | घर कायम सिफारिस दस्तुर कच्ची घर प्रति व/फि | ०।२५ | |
| ८ | सर्जमिन सिफारिस दस्तुर | १०००।०० | |
| ९ | छात्रवृत्ति सिफारिस दस्तुर | २५०।०० | |
| १० | सनाखत सिफारिस दस्तुर | २००।०० | |
| ११ | विपन्न असहाय सिफारिस दस्तुर | ०।०० | |
| १२ | सामाजिक सुरक्षा सँग सम्बन्धित सिफारिस र अपाङ्गता भएको सिफारिस दस्तुर | ०।०० | |

| | | | |
|---|---|---|---|
| १३ | हातहतियार भरुवा बन्दुक नवीकरण सिफारिस | १५००।०० | |
| १४ | अस्थायी बसोबास सिफारिस दस्तुर | २००।०० | |
| १५ | स्थायी बसोबास सिफारिस दस्तुर | ३००।०० | |
| १६ | नागरिकता सिफारिस दस्तुर (बंशज तथा अंगीकृत) | २००।०० | |
| १७ | नाम थर जन्म मिति संशोधन सिफारिस दस्तुर | ३००।०० | |
| १८ | विद्युत जडान सिफारिस दस्तुर | ३००।०० | |
| १९ | कित्ताकाट सिफारिस दस्तुर | ५००।०० | |
| २० | धारा जडान सिफारिस दस्तुर | ३००।०० | |
| २१ | जीवित रहेको सिफारिस | २००।०० | |
| २२ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारिस | ३००।०० | |
| २३ | व्यवसाय बन्द सिफारिस | ५००।०० | |
| २४ | बहाल करको लेखाजोखा सिफारिस | २००।०० | |
| २५ | मिलापत्र कागज गराउने निवेदन दर्ता सिफारिस | ५००।०० | |
| २६ | जग्गाको हक सम्बन्धी सिफारिस | २५०।०० | |
| २७ | धनीपुर्जामा संशोधन सिफारिस | ५००।०० | |
| २८ | धनीपुर्जा हराएको सिफारिस | ५००।०० | |
| २९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | ५००।०० | |
| ३० | व्यापार व्यवसाय नै नभएको सिफारिस | ५००।०० | |
| ३१ | कोर्ट फि मिनाहा सिफारिस | ५००।०० | |
| ३२ | नाबालक परिचयपत्र सिफारिस | ०।०० | |
| ३३ | चौपाया सम्बन्धी सिफारिस | प्रति गोटा चौपायाको रु १००।०० | |
| ३४ | व्यवसाय दर्ता सिफारिस | ५००।०० | |
| ३५ | उद्योग ठाउँसारी सिफारिस | १०००।०० | |
| ३६ | आन्तरिक बसाँइसराइ सिफारिस | २००।०० | |
| ३७ | व्यक्तिगत विवरण सिफारिस | ३००।०० | |
| ३८ | जग्गा दर्ता सिफारिस | १०००।०० | |
| ३९ | संरक्षक सिफारिस व्यक्तिगत | २००।०० | |
| ४० | संरक्षक सिफारिस संस्थागत | ५००।०० | |
| ४१ | नेपाल सरकारको नाममा बाटो कायम | २००।०० | |

| | | | |
|---|---|---|---|
| | सिफारिस | | |
| ४२ | कोठा खोल्न रोहबरमा बस्ने सिफारिस | ३००।०० | |
| ४३ | स्वास्थ्य उपचार सिफारिस | ०।०० | |
| ४४ | संस्था दर्ता सिफारिस | २०००।०० | |
| ४५ | मृतक तथा जीवितसँगको नाता प्रमाणित दस्तुर | ३००।०० | |
| ४६ | आर्थिक अवस्था सम्पन्नता सिफारिस<br>२० लाख सम्मको | १००० | |
| | २० लाख देखी ३० लाख सम्मको | २००० | |
| | ३० देखी ४० लाख सम्मको | ३००० | |
| | ४० लाख भन्दा माथी | ५००० | |
| ४७ | आर्थिक अवस्था विपन्नता सिफारिस | २००।०० | |
| ४८ | जग्गा मुल्याङ्कन सिफारिस (दश लाखसम्मको) | ५००।०० | |
| ४९ | जग्गा मुल्याङ्कन सिफारिस (दश लाख माथिको) | १०००।०० | |
| ५० | पेन्सन नामसारी सिफारिस | १०००।०० | |
| ५१ | पेन्सनको परिवार विवरण नामसारी सिफारिस | ३००।०० | |
| ५२ | रहल पेन्सन जीवित सिफारिस | २००।०० | |
| ५३ | चारकिल्ला प्रमाणित सिफारिस (१० रोपनीसम्म) | ५००।०० | |
| ५४ | चारकिल्ला प्रमाणित सिफारिस<br>(१० देखी १५ रोपनीसम्म) | ७५०।०० | |
| ५५ | चारकिल्ला प्रमाणित सिफारिस<br>(१५ देखी २० रोपनीसम्म) | १०००।०० | |
| ५६ | चारकिल्ला प्रमाणित सिफारिस<br>(२० रोपनीभन्दा माथि) | १५००।०० | |
| ५७ | जन्म तथा मृत्यु प्रमाणित सिफारिस | २००।०० | |
| ५८ | जन्म मिति प्रमाणित सिफारिस | २००।०० | |

| | | | |
|---|---|---|---|
| ५९ | व्यक्तिगत विवरण प्रमाणित सिफारिस | ३००।०० | |
| ६० | संरक्षक प्रमाणित | २००।०० | |
| ६१ | विवाह प्रमाणित | ३००।०० | |
| ६२ | घर पाताल प्रमाणित | २००।०० | |
| ६३ | कागज वा मञ्जुरीनामा प्रमाणित | ३००।०० | |
| ६४ | हकवाला प्रमाणित | ३००।०० | |
| ६५ | लेनदेन तमसुक प्रमाणित दस्तुर<br>१० लाख सम्मको | ५००।०० | |
| | १० देखी २० लाख सम्मको | १०००।०० | |
| | २० देखी ३० लाख सम्मको | ३०००।०० | |
| | ३० देखी ४० लाख सम्मको | ४०००।०० | |
| | ४० देखी ५० लाख सम्मको | ५०००।०० | |
| | ५० लाख भन्दा माथी | ५०००।०० | |
| ६६ | घर सम्पन्न सिफारिस प्रमाणित | ५००।०० | |
| ६७ | अविवाहित प्रमाणित | ३००।०० | |
| ६८ | अपुताली सिफारिस | ३००।०० | |
| ६९ | समावेशी समुहमा पर्ने सिफारिस | ३००।०० | |
| ७० | माथि उल्लिखित बाहेकका अन्य सिफारिस | ३००।०० | |
| ७१ | माथि उल्लिखित सिफारिसहरु अंग्रेजी भाषामा अनुवाद गरिएमा | ५००।०० | |
| ७२ | कार्यालयसँग सम्बन्धित सरकारी कागजपत्रहरुको प्रतिलिपी दस्तुर प्रति पाना | १०।०० | |
| ७३ | ३५ दिनभित्र जन्म दर्ता गर्न नआएमा जरिवाना स्वरुप विलम्ब शुल्क | २००।०० | ३५ दिनभित्र निःशुल्क । |
| ७४ | ३५ दिनभित्र मृत्यु दर्ता नगराएमा जरिवाना स्वरुप विलम्ब शुल्क | २००।०० | ३५ दिनभित्र निःशुल्क । |
| ७५ | बसाँइसराइ दर्ता शुल्क | २००।०० | |
| ७६ | सम्बन्ध विच्छेद दर्ता शुल्क | २००।०० | |
| ७७ | विवाह दर्ता शुल्क | २००।०० | |
| ७८ | व्यक्तिगत घटना दर्ता(जन्म, मृत्यू, विवाह, वसाँईसराई, सम्वन्ध विच्छेद) | ५००।०० | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण |

| | | | |
|---|---|---|---|
| | प्रतिलिपी दस्तुर | | नियमावली, २०७७ को नियम २१ को उपनियम २ अनुसारको अनुसूची ३ मा भएको व्यवस्था अनुसार। |
| ७९ | गैरसरकारी संस्था दर्ता र नविकरण शुल्क | २०००।०० | |
| ८० | संस्थाप्रतिष्ठान नविकरण सिफारिस / दस्तुर | २०००।०० | |
| ८१ | व्यवसाय दर्ता शुल्क | ५००।०० | |
| ८२ | गाउँपालिकाको सभाहलको भाडा प्रतिदिन | २०००।०० | जेनेरेटर चलाउन परेमा प्रतिघण्टा १००० ।- |
| ८३ | वडा कार्यालयको सभाहलको भाडा प्रतिदिन | १०००।०० | |
| ८४ | निजी जमिनमा लगाइएको रुख कटान सिफारिस दस्तुर (प्रति गोटा)<br>(वन तथा वातावरण संरक्षण गर्ने उद्देश्यले यो सिफारिस दस्तुर लगाइएको र यस कार्यमा समुदायको परिचालन गर्ने व्यवस्था गरिएको छ) | ३५०।०० | सम्बन्धित क्षेत्रभित्रको टोल विकास संस्थालाई संकलित सिफारिस दस्तुरको २५ प्रतिशत रकम बैंक खाता मार्फत सोझै उपलब्ध गराइनेछ। उक्त रकम टोल बिकास संस्थाले वृक्षारोपण लगायत |

| | | | |
|---|---|---|---|
| | | | पर्यावरण संरक्षणको क्षेत्रमा खर्च गर्नुपर्नेछ। |
| ८५ | गाउँपालिकाले निर्माण गरेका गाउँपालिका क्षेत्रभित्रका सडकमा गुड्ने निजी तथा भाडाका साना, मझौला तथा ठूला सवारीसाधन (मोटरसाइकल बाहेक) लाई पुर्वाधार उपयोग शुल्क | साना तथा मझौला सवारीसाधनलाई दैनिक रु. ३०।०० तथा ठूला सवारीसाधनलाई दैनिक रु. ५०।०० लिइनेछ। | अग्रीम रुपमा वार्षिक एकमुष्ट रकम बुझाएमा मझौला सवारीसाधनलाई रु. ४५००।०० र ठूला सवारीसाधनलाई रु. १००००।०० राजस्व लिइनेछ। |
| ८६ | सप्लायर, कन्सल्टेन्सी तथा फर्म र गैर सरकारी संस्था सुची दर्ता शुल्क | ५००।०० | |
| ८७ | शिक्षक तथा कर्मचारी सरुवा सिफारिस दस्तुर | १०००।०० | |
| ८८ | महिलाको नाममा व्यवसाय दर्ता गर्न आएमा व्यवसाय दर्ता गर्न लाग्ने शुल्क | दर्ता शुल्कमा ५० प्रतिशत छुट गरिएको छ। | |
| ८९ | आमा समूहहरुको दर्ता र नविकरण शुल्क | 0।00 | |
| ९० | अपाङ्गता भएका व्यक्तिहरुको व्यवसाय दर्ता तथा नविकरण शुल्क | 0।00 | |
| ९१ | व्यवसाय वन्द दस्तुर | ५००।00 | व्यवसाय वन्द गर्दा विगतको आर्थिक वर्षको कर वाँकी भए सो समेत जरिवाना सहित असुल गरिनेछ। |

| | | | |
|---|---|---|---|
| ९२ | व्यवसाय नामसारी दस्तुर | १०००।०० | |
| ९३ | गाउँपालिका क्षेत्र भित्र निर्माण हुने नयाँ भवनको घर नक्सा पास दस्तुर | रु ५।प्रति स्कवायर फिट | |
| ९४ | गाउँपालिका क्षेत्र भित्र निर्माण भइसकेका भवनहरुको अभिलेखिकरण दस्तुर | रु ३।प्रति स्कावायर फिट | |
| ९५ | यस अनुसूचीमा नपरेकाको हकमा गाउँ कार्यपालिकाको निर्णयले शुल्क दस्तुर तोक्नेछ। | | |

## अनुसूची १०

### हाटबजार कर

सानासाना प्रकृतिका कृषि उपजहरु स्थानीयस्तरमै विक्री वितरण गर्ने उद्धेश्यले गाउँपालिका क्षेत्रभित्र एकाध स्थानमा कृषि हाटबजार लागिरहेकोमा कृषि उत्पादनलाई प्रवर्द्धन गर्न तत्काललाई हाटबजार कर संकलन नगरिने र भविष्यमा स्थायी तवरले हाटबजार लाग्ने व्यवस्था भएमा गाउँ कार्यपालिकाले हाटबजार करको दर तोकी सोही बमोजिम कर संकलन गरिनेछ।

## अनुसूची ११

### दण्ड, जरिवाना तथा सजाय

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०८०।०८१ का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | तोकिएका कर दस्तुर सेवा शुल्क तोकिएको समय सीमामा नबुझाएमा | व्यवसाय नविकरण असोज महिना पश्चात आएकोमा ५० प्रतिशत जरिवाना लाग्नेछ। आर्थिक वर्षको समाप्ति पश्चात नविकरण गर्न आएमा १०० प्रतिशत जरिवाना थप हुदैं जानेछ।<br>भूमी कर र सम्पत्ति करको हकमा आर्थिक वर्ष समाप्त भए पश्चात आएमा पहिलो पटक लाई ५० प्रतिशत जरिवाना र | |

| | | | |
|---|---|---|---|
| | | तत्त पश्चात १०० प्रतिशत थप जरिवाना लाग्नेछ । | |
| २ | अन्य स्थानीय तहका नियमहरु पालना नगरेमा | रु. २०००।०० | |
| ३ | गाउँपालिकाको निर्णय बमोजिम कार्यान्वयनमा गएका विकास निर्माणका काममा वाधा विरोध गर्नेलाई | पहिलो पटकका लागि रु. १०००।०० र त्यसपछि पटकै पिच्छे रु .१५००।०० का दरले दण्ड जरिवाना लिइनेछ। | |
| ४ | निषेधित स्थानमा फोहोर विसर्जन गर्नेलाई | पहिलो पटकलाई रु. ५००।०० र त्यसपछि पटकै पिच्छेलाई रु. १०००।०० लिइनेछ। | यस्ता कार्यको अनुगमनका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ र निषेधित स्थानमा फोहोर विसर्जन गर्ने व्यक्तिबाट दण्ड जरिवाना स्वरुप संकलन राजस्व रकमको २५% प्रतिशत रकम टोल विकास संस्थालाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |
| ५ | जथाभावी चौपाया छाड्ने व्यक्तिलाई | प्रति चौपाया रु १००।०० लिइनेछ । | यस्ता कार्यको अनुगमनका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ र जथाभावी चौपाया छाड्ने व्यक्तिबाट संकलन |

| | | | |
|---|---|---|---|
| | | | गरिने राजस्व रकमको शत् प्रतिशत रकम टोल विकास संस्थालाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |
| ६ | अर्कालाई अप्ठ्यारो पार्ने नियतले रुख पर्खाल लगाउने र घर टहरा बनाउनेलाई | गाउँपालिकाले त्यस्तो रुख पर्खाल र घरटहरा हटाउन लगाउनेछ र हटाउन नमान्नेलाई रु. १०००।०० जरिवाना लिइ त्यस्तो कार्य स्थानीय प्रशासनको सहयोगमा हटाउनेछ र हटाउँदा लाग्ने सम्पूर्ण खर्च सोही व्यक्तिबाट असुलउपर गरिनेछ। | |
| ७ | गाउँपालिकामा दर्ता नगरी व्यापार व्यवसाय गर्ने व्यक्तिलाई | रु. १०००।०० | सम्बन्धित वडाले दर्ता नगरी सञ्चालन भएका व्यापार व्यवसायको अनुगमन गर्न सम्बन्धित क्षेत्रका टोल विकास संस्थाहरुलाई परिचालन गर्नसक्ने र यसरी दर्ता नगरी व्यापार व्यवसाय गर्ने व्यक्तिहरुबाट जरिवाना स्वरु.प संकलन हुने राजस्व रकमको २५ प्रतिशत रकम टोल विकास संस्थाहरुलाई |

| | | | |
|---|---|---|---|
| | | | पुरस्कार स्वरुप प्रदान गर्न सकिनेछ। |
| ८ | अनुमती वेगर गाउँपालिका भित्र नदीजन्य सामाग्री (ढुंगा, गिटी बालुवा) उत्खनन गर्ने व्यक्तिलाई | पहिलो पटकलाई रु. १५०००।०० जरिवाना लिइनेछ । र उक्त कार्य दोहोर्याएमा पटकै पिच्छे दोब्बर जरिवाना लिइनेछ।त्यसमा प्रयोग हुने सामानहरु जफत सम्म गर्न सकिनेछ। | यस्ता कार्यको अनुगमनका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ र उक्त कार्यको अनुगमनमा सहयोग गरे वापत् दण्ड जरिवाना स्वरुप संकलन राजस्व रकमको २५ प्रतिशत रकम टोल विकास संस्थालाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |
| ९ | पसलहरुमा मुल्यसुची नराखेलाई | रु. १०००।०० | यस्ता कार्यको अनुगमनका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ र पसलहरुमा मुल्यसुची नराखेबाट दण्ड जरिवाना स्वरुप संकलन राजस्व रकमको २५ प्रतिशत रकम टोल विकास संस्थालाई पुरस्कार स्वरुप उपलब्ध |

| | | | |
|---|---|---|---|
| | | | गराइनेछ। |
| १० | खेतीयोग्य जमिन बाँझो राख्नेलाई | तोकिएको मालपोत करको थप १०० प्रतिशत जरिवाना लिइनेछ। | खेतीयोग्य जमिन हो होइन भनी सम्बन्धित वडाध्यक्षले ठहर गर्नेछ। र, खेतीयोग्य जमिन बाँझो राख्ने व्यक्तिलाई गरिने जरिवानाको २५ प्रतिशत रकम सम्बन्धित क्षेत्रका टोल विकास संस्थालाई पुरस्कार स्वरुप प्रदान गर्न सकिनेछ। |
| ११ | मिति गुज्रिएका (Date Expire) सामान विक्री वितरण गर्ने सबै प्रकारका व्यवसायीलाई | पहिलो पटकका लागि रु. ३०००।०० जरिवाना लिइनेछ। र, त्यस्तो कार्य नदोहोर्याउन सचेत गराइने छ। उल्लिखित कार्य दोहोर्याएको पाइएमा प्रचलित कानून बमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ। | सम्बन्धित वडाले मिति गुज्रिएका सामान विक्री वितरण भए नभएको अनुगमन गर्न सम्बन्धित क्षेत्रका टोल विकास संस्थाहरुलाई. परिचालन गर्न सक्ने र मिति गुज्रिएका सामान विक्री वितरण गर्ने व्यक्तिबाट जरिवाना स्वरु.प संकलन हुने राजस्व रकमको २५ प्रतिशत रकम टोल विकास संस्थाहरुलाई. |

| | | | |
|---|---|---|---|
| | | | पुरस्कार स्वरुप प्रदान गर्न सकिनेछ। |
| १२ | गाउँपालिका क्षेत्रभित्रका नदी, खोला, खोल्सी आदिमा पाइने दुर्लभ असला र तीते लगायतका माछा मार्न रसायनिक विषादी वा करेण्ट वा महाजाल प्रयोग गर्ने व्यक्ति तथा समुहलाई | प्रचलित संघीय तथा प्रादेशिक कानूनमा उल्लिखित सजायका अतिरिक्त गाउँपालिकाले दश हजार रुपैंयासम्म थप जरिवाना लिन सक्नेछ। | यस कार्यको निरन्तर अनुगमन गर्नका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ।र, यसरी दण्ड जरिवाना गर्दा संकलन हुने राजस्व रकमको २५ प्रतिशत रकम पुरस्कार स्वरुप टोल विकास संस्थालाई उपलब्ध गराइनेछ। |
| १३ | गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य सम्बन्धि मापदण्ड पालना गरेर मात्र ल्याव, क्लिनिक, औषधि पसल तथा पशु चौपायाको औषधी पसल संचालन गर्न पाइनेछ, स्वास्थ्य सम्बन्धि मापदण्ड पालना समेत नगरी यस गाउँपालिकामा दर्ता नभएका ल्याव तथा क्लिनिक संचालन गरेमा। | पहिलो पटकको लागी रु ५०००।जरिवाना लिइनेछ 00 र सचेत गराइनेछ। उल्लेखित कार्य फेरी दोहोरिएमा आवश्यक नियामानूसार कारवाहीको लागी सम्बन्धित निकायमा लेखी पठाइनेछ। | यस कार्यको निरन्तर अनुगमन गर्नका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ।र, यसरी दण्ड जरिवाना गर्दा संकलन हुने राजस्व रकमको २५ प्रतिशत रकम पुरस्कार स्वरुप टोल विकास संस्थालाई उपलब्ध गराइनेछ। |
| १४ | गाउँपालिका भित्र संचालित ल्याव, | म्याद ग्रुजिएको औषधिहरुको | यस कार्यको |

| | | | |
|---|---|---|---|
| | क्लिनिक, औषधि पसल तथा पशु चौपायाको औषधी पसलले म्याद ग्रुजिएको औषधि जन्य साम्रगीहरु विक्रिवितरण गरेमा। | विक्रिवितरणमा पूर्ण प्रतिवन्ध लगाइएको हुदाँ गाउँपालिकाबाट हुने अनुगमनमा यस्तो पाइएमा रु१०००० ।जरिवाना र 00 इजाजत पत्र खारेजी साथै नियामानूसार कारवाहीको लागी सम्बन्धित निकायमा लेखी पठाइनेछ। | निरन्तर अनुगमन गर्नका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ।र, यसरी दण्ड जरिवाना गर्दा संकलन हुने राजस्व रकमको २५ प्रतिशत रकम पुरस्कार स्वरुप टोल विकास संस्थालाई उपलब्ध गराइनेछ। |
| १५ | यस अनुसूचीमा उल्लेख गरिएका विषयमा तोकिएको दण्ड जरिवानाका अतिरिक्त अन्य विषयमा दण्ड जरिवाना लगाउनु पर्ने भएमा गाउँ सभा अधिवेशनबाट अनुमोदन गराउने गरी गाउँ कार्यपालिकाले दण्ड जरिवाना तोक्न सक्नेछ। | | |

**आज्ञाले,**
**श्री स्काइ पोखेल**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।**